# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, पुस ५ गते २०५७ साल (अतिरिक्ताङ्क ४८

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाका देहायका प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्रहरूमा सो निर्वाचन क्षेत्रका सबै मतदाताहरूलाई मतदाता परिचयपत्र दिने व्यवस्था लागू गरेको छ ।

| क्र.सं. | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|
| १. | संखुवासभा | १ |
| २. | दोलखा | २ |
| ३. | काभ्रेपलाञ्चोक | २ र ३ |
| ४. | नुवाकोट | ३ |
| ५. | कास्की | १ |
| ६. | गोरखा | १ |
| ७. | तनहुँ | २ |
| ८. | स्याङ्जा | १ र २ |
| ९. | बाग्लुङ्ग | १ |
| १०. | दैलेख | १ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ११. | डडेलधुरा | १ |
| १२. | बैतडी | २ |
| १३. | उदयपुर | १ |
| १४. | सिन्धुली | २ |
| १५. | झापा | २, ४ र ५ |
| १६. | मोरङ्ग | १, २, ३ र ४ |
| १७. | सुनसरी | ३ |
| १८. | सप्तरी | १, २, ४ र ५ |
| १९. | सिराहा | २, ३ र ५ |
| २०. | धनुषा | १, २, ३ र ५ |
| २१. | महोत्तरी | १, ३ र ४ |
| २२. | सर्लाही | १, २, ४ र ५ |
| २३. | बारा | १, २ र ४ |
| २४. | पर्सा | २, ३ र ४ |
| २५. | चितवन | १ र ४ |
| २६. | ललितपुर | १ |

## सूचना २

निर्वाचन आयोगले मतदाता परिचयपत्रसम्बन्धी नियमावली, २०५३ को नियम १ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी सूचना १ मा उल्लिखित जिल्लाका उल्लिखित निर्वाचन क्षेत्रहरूमा सो नियमावली सम्वत् २०५७ साल पौष ५ गतेदेखि लागू हुने गरी तोकेको छ ।

## सूचना ३

निर्वाचन आयोगले मतदाता परिचयपत्रसम्बन्धी नियमावली, २०५३ को नियम ७ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी सूचना १ मा उल्लिखित जिल्लाका उल्लिखित निर्वाचन क्षेत्रहरूका मतदाताहरूलाई मतदाता परिचयपत्र वितरण गर्नको लागि २०५७ साल पौष ५ गतेदेखि २०५८ साल जेष्ठ मसान्तसम्मको अवधि तोकेको छ ।

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।